आज मिति २०७६ साल माघ १९ गते आइतवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | उपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| वरिष्ठ इन्जिनियर | डा.राजु पौडेल | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| शाखा अधिकृत | श्री कृष्णराज घिमिरे | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: आगामी नगर सभाको तयारी सम्बन्धमा ।
प्रस्ताव नं.२: खर परालको छाना भएका घरपरिवारको लगत पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.३: इट्टाभट्टाको अनुगमन सम्बन्धमा ।
प्रस्ताव नं.४: व्यास नगरपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ सम्बन्धमा ।
प्रस्ताव नं.५: व्यास नगरपालिका बहाल कर नियमावली, २०७६ सम्बन्धमा ।
प्रस्ताव नं.६: ट्याक्ट्रर (कृषि उपकरण) खरिद सम्बन्धमा ।
प्रस्ताव नं.७: त्रिवर्षीय योजना प्रस्ताव सम्बन्धमा ।
प्रस्ताव नं.८: सार्वजनिक शौचालय सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.९: धन्यवाद ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.१०: मानुँकोटमा खानेपानीको सम्भाव्यता अध्ययन एवं डि.पी. आर तयार पार्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: स्वास्थ्य संस्था नवीकरण तथा दर्ता सम्बन्धमा ।
प्रस्ताव नं.१२: विभिन्न कार्यक्रम तथा योजनाहरुमका रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१३: विभिन्न विद्यालयहरुमा प्र.अ. नियुक्ति सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यही २०७६ माघ २४ र २५ हुने यस नगरपालिकाको बत्तीसौं नगर सभामा संशोधित बजेट तथा कार्यक्रम, संशोधित ऐनहरु सम्बन्धी विधेयक तथा अन्य नयाँ कानून निर्माण सम्बन्धी विधेयकहरुको प्रस्ताव पेश गर्न विभिन्न समितिहरुबाट प्राप्त सो सम्बन्धी प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिमको ऐनहरु सम्बन्धी संशोधित विधेयक प्रस्तावहरु नगर सभामा निर्णयार्थ पेश गर्ने र बाँकी अन्य विभिन्न प्रस्तावहरुलाई आगामी नगर सभामा पेश गर्नको लागि आवश्यक गृहकार्य गरी कार्यपालिकाको आगामी बैठकमा छलफलका लागि पेश गर्न सम्बन्धित विषयगत तथा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

(क) संशोधन आर्थिक विधेयक, २०७६
(ख) संशोधन विनियोजन विधेयक, २०७६

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा खर परालको छाना रहित घरका लागि नेपाल सरकारद्वारा प्रदान गरिने अनुदान सहयोग प्राप्त गर्ने गरी प्रत्येक वडामा रहेका त्यस्ता प्रकृतीका घर परिवारहरुका घरको लगत संकलन गरी सम्बन्धित निकायमा अनुदान रकम प्रस्ताव गरी पठाउन कार्यपालिकाको आगामी बैठकमा सो सम्बन्धी लगत पेश हुने गरी वडा कार्यालयबाट लगत संकलन गरी पठाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेको इट्टाभट्टाहरु प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भई सञ्चालनमा रहेका छन् वा अनधिकृत रुपमा सञ्चालनमा रहेका छन् सोको अनुगमन गरी कानूनी प्रक्रिया पूरा गरेको अवस्था भएमा करको दायरामा ल्याउन के-कति व्यवसाय कर/उद्योग दर्ता शुल्क लिन सकिन्छ, सो को प्रस्तावित दर र अनधिकृत रुपमा सञ्चालनमा रहेको भए वातावरण प्रदूषण गरे वापत दण्ड जरिवानाको अङ्क समेत खुल्ने गरी ५ (पाँच) दिनभित्र अनुगमन प्रतिवेदन पेश गर्न राजश्व उपशाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालयद्वारा तयार गरी पेश हुन आएको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ को मस्यौदा अध्ययन गरी आगामी बैठकमा पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका कार्यालयद्वारा तयार गरी पेश हुन आएको व्यास नगरपालिका बहाल कर नियमावली, २०७६ को मस्यौदा अध्ययन गरी आगामी बैठकमा पेश गर्न विधायन समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका क्षेत्रमा व्यवसायिक कृषि खेतीको प्रवर्द्धनका लागि थ्रेसर समेतको ४ (चार) वटा ट्याक्टर (कृषि उपकरण) खरिद गरी व्यवसायिक कृषक समूहहरुलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा विभिन्न वडाहरुबाट प्राप्त त्रिवर्षीय योजनाहरुको लागि प्रस्तावित विवरण उपर छलफल गरियो । यस सम्बन्धमा थप आवश्यक गृहकार्य गरी सबै हिसावले सम्भाव्य हुन सक्ने योजनाहरुको अन्तिम विवरण तयार पारी आगामी नगरसभामा पेश गर्ने गरी कार्यपालिकाको आगामी बैठकमा छलफलका लागि पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको वडा नं.३ अन्तर्गत व्यास गुफा नजिकै निर्मित सार्वजनिक शौचालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने व्यवस्थाका लागि तहाँ स्थित क्रियापुत्री भवन व्यवस्थापन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा गत २०७६ माघ १६ गते शहिद दिवसको अवसरमा सु-सम्पन्न भएको यस नगरपालिकाको तेस्रो अल्ट्रा म्याराथन प्रतियोगिता सफल पार्न आ-आफ्नो क्षेत्रबाट अमूल्य योगदान दिई सहयोग पुऱ्याउनु हुने प्रमुख अतिथि, नेपाल सरकारका पूर्व उप-प्रधानमन्त्री श्री प्रकाशमान सिंज्यू लगायत विशिष्ट अतिथिज्यूहरु, अन्य अतिथिज्यूहरु, यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधीज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, स्थानीय आमा समूह, युवा क्लव, सम्पूर्ण पत्रकारज्यूहरु, पुलिमराङ्गबासी सम्पूर्ण महानुभावज्यूहरु, मानहुँकोटबासी सम्पूर्ण महानुभावज्यूहरु, सम्पूर्ण धावकहरु, यसमा सरिक सम्पूर्ण नगरबासी दाजु-भाई, दिदी-बहिनीहरु लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको पर्यटकीय क्षेत्र मध्ये सबै भन्दा धेरै पर्यटकीय महत्व र सम्भावना रहेको व्यास नगरपालिका वडा नं.५ अन्तर्गत पर्ने मानहुँकोट क्षेत्रमा पर्यटकीय आकर्षण बन्दै गएको र खानेपानीको अभावका कारण विस्थापित भएको त्यहाँको वस्ती पुनर्स्थापना समेत गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी उक्त क्षेत्रमा खानेपानी व्यवस्थापनको लागि वैकल्पिक स्रोत र प्रविधिको खोजी गरी सम्भाव्यता अध्ययन समेत गरी डि.पी.आर. तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकको स्वास्थ्य संस्था अनुगमन समितिद्वारा सिफारिस भई आएअनुसार देहाय बमोजिमका यस अघि दर्ता भएका स्वास्थ्य संस्थाहरु नवीकरण गर्ने र नयाँ दर्ताका लागि आवेदन दिएका संस्थाहरु दर्ता गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।
तपसिल

| सि.नं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | नेपाल हेल्थ होम | व्यास-२ | नवीकरण |
| २. | दाहाल स्वास्थ्य क्लिनिक प्रा.लि. | व्यास-३ | नवीकरण |
| ३. | विकास प्याथोलिजी | व्यास-२ | नवीकरण |
| ४. | मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि. | व्यास-२ | नवीकरण |
| ५. | ऋषि स्वास्थ्य क्लिनिक प्रा.लि. | व्यास-२ | नयाँ दर्ता |
| ६. | तनहुँ डेण्टल केयर प्रा.लि. | व्यास-२ | नयाँ दर्ता |
| ७. | डा. पदम डेण्टल क्लिनिक | व्यास-२ | नयाँ दर्ता |

**निर्णय नं. १२ :** प्रस्ताव नं. १२ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शिर्षक |
|---|---|---|---|---|
| १. | रिसेड सम्बन्धी कार्यक्रम | | ३५,०००। | अपांगता शीर्षक |
| २. | माहेन्द्री मार्ग ग्राभेल तथा सरसफाई | ५ | ३००,०००। | विविध फूटकर |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाका देहायका विद्यालयहरुमा तपसिल बमोजिमका शिक्षकहरुलाई प्रधानाध्यापक नियुक्ति गर्ने गरी सम्बन्धित विद्यालय व्यवस्थापन समितिद्वारा सिफारिस भई आए अनुसार प्रधानाध्यापक नियुक्ति गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | कैफियत |
|---|---|---|---|
| १. | जनसेविका प्राथमिक विद्यालय, व्यास १ | श्री कमला पौडेल (प्रा.वि. तृतीय) | |
| २. | कालिका प्रा.वि., व्यास ९ | श्री दिपा अधिकारी (प्रा.वि. तृतीय) | |
| ३. | देउराली प्रा.वि., व्यास ६ | श्री लक्ष्मी भुषाल (प्रा.वि. तृतीय) | |